जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)–०३९/०४०
नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४३ अंक १४ २०८१ साल कात्तिक २५ गते आइतवार (10 Nov 2024 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** अस्पतालका सिटिस्क्यान, एमआरआई ... **पृष्ठ ३ मा :** नेपालमा किन बढ्दै ... **पृष्ठ ४ मा :** पेनलेस डेलिभरी : आमालाई ... **पृष्ठ ५ मा :** चित्रगुप्तको कलम एक लाख ...

# एक महिनाको अवधीमा ६६ जना फरार प्रतिवादी पक्राउ

## भन्सार छलीका ४६ लाख बराबरको मालसामान जफत्




**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले एक महिनाको अवधीमा ६६ जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ परेकाहरुबाट ३ लाख ३१ हजार ८ सय ६१ रुँपैया जरिवाना असुल पनि गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले शनिबार सार्वजनिक गरेको चालु आ.ब. २०८१/८२ को असोज १७ देखी कात्तिक १७ सम्मको मासिक प्रगती विवरण मार्फत सो जानकारी दिएको छ ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले आफ्नो एक महिने कार्यकालको मासिक प्रगती सूचाङ्क प्रस्तुत गर्दै सामुहिक प्रयास तथा सबैको साथ र सहयोगले करिब ४ हजार फरार प्रतिवादीको सूची मध्ये ३० दिनको अवधीमा उक्त संख्याका फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको बताए ।

यस्तै पक्राउ परेकाहरुलाई अदालतले तोकेको कैद सजाय अनुसार ४ वर्ष २ महिना ११ दिन कैद भुक्तानका लागि कारागार चलान गरिएको छ । फरार सूचीमा रहेका फरार प्रतिवादी मध्ये कतिपयको मृत्यु भइसकेको पाइएकाले सम्बन्धीत पालिकाबाट मृत्यु दर्ता प्रमाणपत्र प्राप्त गरि अदालतबाट लगत कट्टा गर्ने काम समेत भइरहेको उनले जानकारी दिए ।

प्रहरीले फरार प्रतिवादीहरुको पक्राउ, अपराध नियन्त्रण, कैद र जरिवाना असुली तथा कानुनी कारवाहीमा महत्वपूर्ण सफलता प्राप्त गरेको हो ।

यस्तै एक महिनाको अवधीमा भन्सार छलेर चोरी पैठारी गरि ल्याइएका ४६ लाख ६९ हजार ६ सय ३५ रुँपैयाको विभिन्न सरसामान जफत गरि राजविराज भन्सार कार्यालय चलान गरिएको प्रहरी उपरिक्षक खतिवडाले बताए ।

सो क्रममा अवैध ओसारपोसारका लागि प्रयोग गरिएका ७/७ वटा मोटरसाइकल र साइकल तथा एक/एक वटा कार र सिटि रिक्सासहित १० जना मानिस समेतलाई पक्राउ गरि भन्सार कार्यालय चलान गरिएको उनले बताए ।

यसअघि चालु आ.ब. २०८१/८२ कै साउनदेखी असोज १६ सम्मको अवधीमा प्रहरीले ७ जना फरार प्रतिवादी मात्र पक्राउ गरेको थियो । यस्तै सोही अवधीमा भन्सार छलेर ल्याइएका १९ लाख ६७ हजारको अवैध सरसामान मात्र भन्सार बुझाइएकोमा एक महिना यता प्रहरीले फरार सूचीमा रहेका अपराधी पक्राउ गर्न र सीमा क्षेत्रमा निगरानी कडा पारेपछी एकीकृत सुरक्षा योजना प्रभावकारी देखिएको उनको भनाई छ ।

जम्मा ८ सय ४१ जनाको थोरै जनशक्तिबाट जिल्लाको झण्डै ७/८ लाख जनतालाई शान्ति सुरक्षाको व्यवस्था र न्यायको वातावरण तयार गर्न चुनौती रहेपनि उपलब्ध जनशक्तिबाटै यसको व्यवस्थापन गर्दै आएको उनको भनाई छ ।

मधेश प्रदेश प्रहरी कार्यालयले शान्ति सुरक्षा र अपराध नियन्त्रणका लागि ४० बुँदे निर्देशन जारि गरि कार्यान्वयनका लागि सम्झौता समेत गराएको भन्दै त्यसको पालना गर्दै आफूहरु अघि बढेको बताए । जिल्लामा जिल्लामा कानुनी कार्यान्वयन र अपराध नियन्त्रणमा विगतको तुलनामा महत्वपूर्ण प्रगती भएको देखाएको छ ।

पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेत तथा मातहतका इलाका प्रहरी कार्यालयका प्रमुखहरुको समेत उपस्थिती रहेको थियो । पत्रकार सम्मेलनमा पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवसहित अन्य पत्रकारहरुले पनि जिल्लामा शान्ति सुरक्षा र अपराध नियन्त्रणका लागि गरिनु पर्ने थप प्रयासहरु बारे आ-आफ्नो सुझाव दिएका थिए ।

# छठ पर्व सम्पन्न

**राजविराज**/चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने यस वर्षको लोकआस्थाको महापर्व छठ शुक्रबार उदाउँदो सूर्यलाई अर्घ दिई सम्पन्न भएको छ ।

शुक्रबार बिहान तराईका सप्तरी, महोत्तरी, धनुषा, सिरहा, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सासहित देशभरिका जलाशयमा उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्दै छठपर्व सम्पन्न भएको हो ।

पारिवारिक सुख, शान्ति, समृद्धि, रोगबाट मुक्ति तथा मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठका अवसरमा पोखरी, नदी, तलाउमा श्रद्धालु भक्तजनको भीड लागेको थियो । बर्तालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर सूर्योपासनाको यो पर्वको प्रारम्भ गरेका थिए ।

त्यस्तै पर्वको दोस्रो दिन बुधबार खर्ना मनाएका थिए । खरनाका दिन बर्तीहरूले दिनभरि उपवास निराहार बसेर राति षष्ठीका देवीलाई आगमनको निम्तो दिँदै कूलदेवताको पूजा गरेका थिए र राति अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाएका थिए ।

त्यस्तै षष्ठीका दिन अर्थात् बिहीबार साँझ गहुँ र चामल ओखल जाँतो वा ढिकीमा कुटान पिसान गरी सोबाट निस्केको पीठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकियाजस्ता पकवान र विभिन्न फलफूल तथा मुला, गाँजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती, ठूलो ढाकीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलासय नजिक बनाएको छठघाटसम्म पुगेका थिएस्तर ।

षष्ठीका दिन बिहीबार साँझ बर्तीले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षेता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी अर्घ्य अर्पण गरेका थिए ।

# प्रदेश सरकार परिवर्तनको हल्लामा कुनै सत्यता छैन् : मुख्यमन्त्री सिंह

**राजविराज**/मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश सरकार परिवर्तनको हल्लामा कुनै सत्यता नरहेको बताएका छन् ।

शुक्रबार गृहजिल्ला सप्तरी सदरमुकाम राजविराजमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले यस्तो बताएका हुन् ।

विभिन्न दलको सहभागितामा बनेको वर्तमान सरकारमा आपसी विश्वास र समन्वय रहेको दाबीका साथ उनले सरकारमा जानका लागि कुनै दलले प्रयास गर्दैमा सरकार नढल्ने उनको दाबी थियो ।

सात वर्षसम्म सरकारको नेतृत्व गरेको जसपा नेपालतर्फ लक्षित गर्दै उनले फेरी पनि सत्तामा जान चाहनु आश्चर्य नरहेको भन्दै बलियो बहुमतका साथ रहेको आफ्नो नेतृत्वको सरकारलाई केही फरक नपर्ने जिकिर गरे ।

जनताका समस्यालाई मध्यनजर गर्दै काम गर्नका लागि आफू नेतृत्वको सरकार



लागि परेको दावीका साथ उनले विभिन्न दलको सहभागिता रहेका कारण मिलाएर लैजाने क्रममा चाहे जतिको गति प्राप्त गर्न नसकेको समेत बताए ।

यस्तै मुख्यमन्त्री सिंहले मधेश प्रदेश कृषि विश्वविद्यालयको खातामा अहिले पनि २५/३० करोड रहेका कारण काममा कुनै वाधा नपर्ने बताए । विगतमा प्रक्रिया मिचेर विश्वविद्यालयको रजिष्टार नियुक्ति गरिएको भन्दै उनले त्यहा काममा भन्दा पनि कमिशनको खेल बढी हुने गरेको दोषारोपन समेत गरे ।

*बाँकी पाँच पृष्ठमा*

## वायु प्रदुषणका असरहरू

वायु प्रदुषणले
- फोक्सोको क्यान्सर, ब्रोन्काईटिस, दमजस्ता श्वासप्रश्वाससम्बन्धी रोग लाग्न सक्छन्,
- यसले मुटु, रक्तसंचार प्रणाली र मस्तिष्कमा समेत गम्भीर असर पुऱ्याउन सक्छ,
- सुख्खा खोकी लाग्ने, घाँटी चिलाउने तथा आखाँमा असर देखा पर्न सक्छ,
- सहरी क्षेत्रमा यसको असर बढी हुन सक्छ,

त्यसैले:
- वायु प्रदुषण न्यूनीकरणका लागि सवारीसाधनको समय-समयमा मर्मत गरौं,
- कच्ची सडकहरू कालोपत्रे गरौं,
- वृक्षरोपण गरौं,
- घर, सडक तथा सार्वजनिक स्थानको सरसफाई गरौं ।

वायु प्रदुषणको असरबाट बचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### जलवायु परिवर्तनले नेपालमा असर

जलवायु परिवर्तनले नेपालको कृषि, पर्यटन, जलविद्युत्, वन्यजन्तु र स्वास्थ्य क्षेत्रमा गम्भीर असर पारिरहेको छ। जसले दीर्घकालीन रूपमा अर्थतन्त्रलाई संकटतर्फ धकेल्न सक्ने खतरा देखाइरहेको छ। जलवायु परिवर्तनले निम्त्याउन सक्ने असरमध्ये कृषि प्रमुख हो। नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान महत्वपूर्ण छ। जलवायु परिवर्तनका कारण अनियमित वर्षा, तापक्रमको वृद्धि र सुख्खा पर्ने सम्भावना बढ्दै गएको छ। यसले नेपालको कृषि उत्पादनमा ह्रास आउँदा खाद्य सुरक्षामा संकट निम्त्याउने खतरा बढेको छ। विगतको जस्तो खाद्यान्न उत्पादन नहुँदा किसान पलायन हुने र आयात बढ्ने गरेको देखिँदै आएको छ। साथै, कृषिमा निर्भर जनसंख्या पनि ठूलो भएकाले त्यसले रोजगारीमा समेत नकारात्मक असर पार्ने स्पष्ट छ।

जलवायु परिवर्तनले नेपालको विपद् जोखिमलाई थप बढाएको छ। बाढी, पहिरो र सुख्खाजस्ता विपद्का घटनामा वृद्धि भइरहेको छ। असोज दोस्रो साता परेको भीषण वर्षा र त्यसपछिको बाढीपहिरोका कारण भएको जनधनको क्षति बलियो उदाहरण हो। यसले पुनर्निर्माण क्षेत्रमा खर्च बढाउँदा सरकारको खर्चमा भार थप्दै दीर्घकालीन आर्थिक सुधारलाई चुनौती दिन्छ। त्यस्तै जलवायु परिवर्तनसँगै गर्मी र चिसो मौसमका चरम अवस्था बढ्दै जाँदा मानव स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ। यसले खास गरी बालबालिका, वृद्धवृद्धा र विपन्न वर्गका लागि थप जोखिम निम्त्याउँछ। अस्वस्थ जनसंख्याले उत्पादनशीलता घटाउँदा दीर्घकालीन रूपमा श्रमबजार र समग्र अर्थतन्त्रमा नकारात्मक असर पुऱ्याउँछ।

तसर्थ असर न्यूनीकरणका लागि नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्दै ऊर्जा क्षेत्रमा विविधता ल्याउने, जलवायुमैत्री कृषि कर्म अपनाएर साना किसानको क्षमता विकास गर्ने, बाढीपहिरोको जोखिम न्यूनीकरण गर्न पूर्वाधारको सुधार गर्ने, जैविक विविधता र पर्यटन क्षेत्रको संरक्षण गर्दै दीर्घकालीन योजना बनाउने, जलवायु परिवर्तनका असरहरूलाई न्यूनीकरण गर्न दीर्घकालीन योजना बनाएर नीति अपनाउने हो भने अर्थतन्त्रमा आउने संकटलाई केही हदसम्म रोकथाम गर्न सकिन्छ। यसका लागि नीति निर्माताले बेलैमा यसतर्फ ध्यान दिन आवश्यक छ।

# अस्पतालका सिटिस्क्यान, एमआरआई जस्ता सेवा बिग्रेको बहानामा थन्क्याएर राख्न मिल्दैन : स्वास्थ्य मन्त्री पौडेल




**राजविराज**/स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलले अस्पतालका सिटिस्क्यान, एमआरआई जस्ता सेवा बिग्रेको बहानामा थन्क्याएर राख्न नमिल्ने बताएका छन्।

राजविराजस्थित रामराजा स्थास्थ विज्ञान प्रतिष्ठान निर्मणस्थल तथा गजेन्द्र नारायण सिंह अस्पतालको मंगलबार निरीक्षण पश्चात आयोजित कार्यकममा बोल्दै उनले यस्तो बताएका हुन्।

उनले एमआरआई, सिटिस्क्यान बिग्रेपनि सरकारी अस्पतालकै दररेटमा प्राईभेट अस्पतालमा चेकजाँचको व्यवस्था मिलाईनु पर्ने निर्देशन समेत दिए।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा मन्त्री पौडेले अस्पतालको फार्मेसीमा कुनै पनि औषधि छैन भन्न नपाईने बताउँदै त्यसो पाइएमा गैरकानूनी ठहऱ्याई त्यस्तालाई दण्डित गरिने बताएका छन्।

अस्पतालका डाक्टरले पनि विहान नौ देखि चार बजेसम्म विरामी भए पनि नभए पनि अस्पतालमै समय दिन जरुरी रहेको बताए। यस्तै स्वास्थ्य विमाको रकम एक लाखबाट बढाएर पाँच लाख पुऱ्याउने तयारीमा सरकार लागेको कुरा बताए।

राज्यले स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिए पनि दरबन्दी भने वर्षौंदेखि थप नगरिएका कारण स्वास्थ्य सेवा प्रभावित रहेको खुलासा गर्दै उनले छिट्टै दरबन्दी थप गरी विभिन्न अस्पतालमा रिक्त स्थानको पूर्ति गरिने जानकारी दिए।

सरकार चिकित्सकको सुरक्षा तथा सेवा थप गर्न तयार रहे पनि उपचारमा कमी भएमा कारवाही गर्न पनि पछि नपर्ने उनको चेतावनी थियो। मन्त्री पौडेलले कुनै पनि बहानामा उपचार सेवा रोक्न नमिल्ने जिकिर गरे।

सो अवसरमा मन्त्री पौडेललाई अस्पताल सुधार र प्रतिष्ठान निर्माणका लागी तत्काल चाल्नु पर्ने आवश्यक कदमबारे सप्तरीका राजनीतिक दलहरुको तर्फबाट नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य अशोक कुमार मण्डलले अस्पतालमा दरबन्दी अनुसारको जनशक्ति, आवश्यक उपकरण तथा रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि आवश्यक बजेट बिनियोजन गर्न माग राख्दै ज्ञापन पत्र समेत बुझाएका छन।

कार्यक्रममा रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्वाधार तयारी विकास समितीका अध्यक्ष प्रा.डा. पशुपती चौधरी तथा गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरिटेन्डेट डा.श्रीराम तिवारीले क्रमशः प्रतिष्ठान र अस्पतालको अवस्थाबारे मन्त्री पौडेल समक्ष प्रतिवेदन पेश गरेका थिए।

मन्त्री पौडेल मंगलवार नै राजविराजस्थित नेपाली काँग्रेसको पार्टी कार्यालयमा प्रेस युनियनद्वारा आयाजित पत्रकार सम्मेलन तथा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकास्थित साह धर्मशालामा छठ पर्वको अवसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा समेत सहभागी भएका थिए।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

# नेपालमा किन बढ्दै छ सम्बन्ध विच्छेदका मुद्दा ?

**प्रविनकुमार यादव**

नेपालमा विगत केही वर्षदेखि सम्बन्ध विच्छेदका मुद्दाहरू दिन-प्रतिदिन बढ्दै गएका छन्, जुन नेपाली समाजमा पहिले विरलै देखिने गर्दथ्यो । यो वृद्धि परिवार, समुदाय र कानुनी प्रणालीका लागि चिन्ताको विषय बनिरहेको छ। सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनहरूको कारणले गर्दा यो प्रवृत्ति बढ्दो छ ।

यद्यपि सम्बन्ध विच्छेदले असन्तुष्ट वा हिंसात्मक वैवाहिक जीवनमा फसेका व्यक्तिहरूलाई कानुनी समाधान दिन्छ, यसको वृद्धिले सम्बन्ध र समाजका गहिरा समस्याहरूलाई पनि देखाउँछ । नेपालमा सम्बन्ध विच्छेद मुख्यतया मुलुकी देवानी संहिता, २०७४ अन्तर्गत व्यवस्था गरिएको छ, जसले सम्बन्ध विच्छेदका कानुनी आधारहरू, प्रक्रिया र सर्तहरूलाई परिभाषित गर्दछ । यस संहिताले पुरुष र महिलालाई सम्बन्ध विच्छेदको लागि उजुरी दिन पाउने अधिकार दिन्छ र सम्बन्ध विच्छेदका लागि विशिष्ट कारणहरूलाई परिभाषित गर्दछ ।

मुलुकी देवानी संहिताको दफा ९४ र ९५ अनुसार, यदि कुनै पनि दम्पती तीन वर्षभन्दा बढी समयसम्म विनासहमति छुट्टै बसिरहेका छन्, पति-पत्नीले विवाहबाहेकको सम्बन्धमा संलग्नता देखाएका छन्, पति-पत्नीले एक-अर्कालाई शारीरिक वा मानसिक यातना दिएका छन्, वैवाहिक कर्तव्य पूरा गर्न असफल भएका छन् वा पति-पत्नी कुनै मानसिक रोग वा उपचार नहुने रोगबाट पीडित छन् भने, मुलुकी देवानी संहिताको दफा ९४ र ९५ अनुसार सम्बन्ध विच्छेद गर्न पाउनेछन् । यद्यपि यी कानुनी व्यवस्थाको कार्यान्वयन व्यवस्थामा अलग्गै देखिन आउँछ र सामाजिक दबाबहरुले गर्दा कार्यान्वयनमा कमी-कमजोरी ल्याउने गर्दछ ।

नेपालले महिला हिंसाबाट मुक्ति र दुर्व्यवहारबाट मुक्तिसम्बन्धी अधिकारलाई जोड दिने केही अन्तर्राष्ट्रिय महासन्धिहरूलाई पनि अनुशरण गरेको छ, जसले अप्रत्यक्षरूपमा सम्बन्ध विच्छेदलाई असर गर्न सक्छ । उदाहरणका लागि, महिलाविरुद्धको सबै प्रकारका विभेदको उन्मूलनसम्बन्धी महासन्धि (सिडअ), जसको नेपाल पनि हस्ताक्षरकर्ता हो, लैंगिक समानता र हिंसात्मक विवाहमा सम्बन्ध विच्छेदको आधार बन्न सक्ने महिलाको अधिकारलाई जोड दिन्छ । त्यसै गरी, विश्वव्यापी मानवअधिकार घोषणापत्रले विवाह गर्ने र परिवार बसाल्ने अधिकार, साथै वैवाहिक सम्बन्धमा चिसोपन र हिंसात्मक हुन गएमा सम्बन्ध विच्छेदको अधिकारलाई ग्यारेन्टीसमेत गरेको छ । विश्वव्यापी मानवअधिकार घोषणापत्रको दफा १६ ले पुरुष र महिलालाई विवाहका क्रममा र सम्बन्ध विच्छेदको प्रक्रियालाई समान अधिकार दिनुपर्नेमा जोड दिएको छ ।

कानुनी व्यवस्थाहरूको अस्तित्व भए पनि सम्बन्ध विच्छेदका घटनाहरूको वृद्धिमा सामाजिक, आर्थिक र सांस्कृतिक कारकहरूको ठूलो भूमिका छ । नेपालमा सम्बन्ध विच्छेदका घटनाहरू बढ्ने मुख्य कारणहरू यस प्रकार छन् । परम्परागत नेपाली समाजले परिवारको एकतालाई जोड दिएको थियो र सम्बन्ध विच्छेदलाई अन्तिम विकल्पको रूपमा हेरिन्थ्यो । तर आधुनिकता, शहरीकरण र विश्वव्यापी विचारहरूमा बढी सम्पर्कका कारण सामाजिक मान्यताहरूमा पनि परिवर्तन भइरहेको छ । विशेष गरी शहरी क्षेत्रका युवापुस्ताहरूले विवाहलाई कर्तव्य वा जिम्मेवारीको रूपमा भन्दा बढी आपसी सम्मान र प्रेममा आधारित साझेदारीको रूपमा हेर्न थालेका छन् । परम्परागत लिंगका भूमिकाहरू परिवर्तन भइरहेका छन्, जसले महिलाहरूलाई विवाहमा उनीहरूको अधिकारबारे बढी सशक्त बनाइरहेको छ, जसमा असमानता वा दुर्व्यवहारको अवस्थामा सम्बन्ध विच्छेदको अधिकार पनि समावेश छ ।

महिलाहरूको बढ्दो आर्थिक स्वतन्त्रता सम्बन्ध विच्छेदका घटना बढ्नुको प्रमुख कारणमध्येको एक हो । अधिक महिला कामकाजी क्षेत्रमा प्रवेश गरिरहेका छन् र आर्थिक स्थिरता प्राप्त गरिरहेका छन्, जसले उनीहरूलाई आफ्नो पति वा परिवारमा निर्भर रहनुपर्ने बाध्यता घटाएको छ । आर्थिक स्वतन्त्रताले महिलाहरूलाई असन्तुष्ट वा हिंसात्मक वैवाहिक जीवनबाट बाहिर निस्कने सम्भावना प्रदान गर्दछ, जुन पहिलेका पुस्ताहरूमा उपलब्ध थिएन । नेपालले २०७२ को संविधानमार्फत पुरुष र महिलालाई आर्थिक अधिकारलगायत समान अधिकारको ग्यारेन्टी गरेको छ, जसले महिलाहरूलाई स्वतन्त्र निर्णय गर्न सशक्त बनाएको छ, जसमा सम्बन्ध विच्छेदको विकल्प पनि समावेश छ । आर्थिक स्वतन्त्रता र कानुनी प्रावधानहरूले गर्दा सम्बन्ध विच्छेद महिलाहरूका लागि पहिलेभन्दा बढी सम्भव भएको छ ।

सम्बन्ध विच्छेदका घटना बढ्नुको अर्को कारण विवाहभित्रका अपेक्षाहरू परिवर्तन हुनु हो । धेरै युवा दम्पतीहरू आज विवाहमा भावनात्मक सन्तुष्टि, सहकार्य र व्यक्तिगत विकासको अपेक्षा राख्छन् । जब यी अपेक्षाहरू पूरा हुँदैनन्, तब असन्तुष्टि र क्रान्ति छाउँछ, जसले गर्दा सम्बन्ध विच्छेदको कारण बन्न सक्छ । परम्परागत विवाहहरू प्रायः परिवारको, कर्तव्य र सामाजिक प्रतिष्ठामा केन्द्रित हुन्थे, तर आजका धेरै आधुनिक दम्पतीहरूको लागि यो कुराले खासै महत्व राख्दैन । मुलुकी देवानी संहिताले पति-पत्नीको सम्बन्धमा असन्तुष्टि र असमझदारीले सम्बन्ध विच्छेदका लागि मुख्य आधार हुन सक्ने व्यवस्था गरेको छ । मुलुकी देवानी संहिताको व्यवस्थाले वैवाहिक कर्तव्य पूरा गर्न असफल भएमा सम्बन्ध विच्छेदको लागि आधार प्रदान गर्दछ, जसले विवाहभित्र आपसी सम्मान र अनुकूलतामा जोड दिइएको तथ्यलाई प्रतिविम्बित गर्दछ ।

घरेलु हिंसाको कारणले पनि धेरै व्यक्ति सम्बन्ध विच्छेद गरिरहेका छन्, विशेष गरी महिलाहरू, अझै आफ्नो विवाहपछि शारीरिक, भावनात्मक वा मानसिक यातनाको सामना गरिरहेका छन् । घरेलु हिंसाका पीडितहरूको लागि २०६६ को 'घरेलु हिंसा (अपराध र सजाय) ऐन' ले कानुनी उपचार प्रदान गर्दछ, तर धेरै महिला अझै सामाजिक कलंक र बदला लिने डरका कारण उजुरी दिन डराउँछन् ।

घरेलु हिंसाका घटनाहरूमा समेत मुलुकी देवानी संहिताले शारीरिक वा मानसिक यातनाको आधारमा सम्बन्ध विच्छेदको अनुमति दिन्छ, जसलाई संहितामा उल्लिखित गरिएको छ । यद्यपि, सांस्कृतिक मान्यताहरू र सामाजिक बहिष्कारको डरले धेरै महिला यो कानुनी अधिकारको प्रयोग गर्नबाट वञ्चित छन् । वैवाहिक जीवनमा एक-आपसबीचका विश्वास र समझदारीको कमीले धेरै दम्पतीले सम्बन्ध विच्छेद गरेको पाइन्छ । विशेष गरी शहरी क्षेत्रहरूमा द्रुत गतिमा चलिरहेको आधुनिक जीवनशैलीले सम्बन्ध विच्छेदलाई बढावा दिएको पाइन्छ भने असमझदारीबाट समयसँगै मनमुटाव बढ्न थाल्छ, जसले वैवाहिक जीवनलाई पुनःस्थापना गर्न नसकिने अवस्थामा पुऱ्याउँछ ।

नेपालको कानुनी व्यवस्थामा बोलचालको अभाव र विश्वासको ह्रास सम्बन्ध विच्छेदका लागि आधार बन्न सक्ने कुरालाई मान्यता दिइएको छ, जसलाई मुलुकी देवानी संहितामा उल्लेख गरिएको छ, तीन वर्षभन्दा बढी समयसम्म छुट्टै बस्नु सम्बन्ध विच्छेदको वैध कारण हुन सक्छ । नेपालमा व्यभिचार सम्बन्ध विच्छेदको अर्को प्रमुख कारण हो । यद्यपि विवाहबाहिरको सम्बन्ध पहिलेदेखि नै वर्जित थियो, आधुनिक प्रविधि र सामाजिक गतिशीलतामा आएको परिवर्तनले व्यक्तिहरू यस्ता सम्बन्धमा संलग्न हुने गरेका छन् । व्यभिचारले पति-पत्नीबीचको विश्वासको सम्बन्धलाई तोड्छ र प्रायः सम्बन्ध विच्छेदको कारण बन्छ ।

मुलुकी संहिताले स्पष्टरूपमा दफा ९४ (ख) मा व्यभिचारका घटनाहरूमा सम्बन्ध विच्छेदको अनुमति दिने कुरा उल्लेख गरेको छ, जसलाई सम्बन्ध विच्छेदका कानुनी कारणहरूको एक प्रमुख आधार मानिन्छ । नेपाली समाजमा विवाह प्रायः दुई व्यक्तिबीच मात्रै नभई दुई परिवारबीचको सम्बन्धको रूपमा पनि हेरिन्छ। धेरै अवस्थामा, विस्तारित परिवारका सदस्यहरू, विशेष गरी सासू-ससुराहरू, दम्पतीको वैवाहिक जीवनमा महत्त्वपूर्ण भूमिका खेल्छन्। यस बाह्य दबाबले सम्बन्धमा तनाव निम्त्याउँछ, जसले विवाद र अन्ततः सम्बन्ध विच्छेदको कारण हुन पुग्दछ। यद्यपि कानुनी व्यवस्थाले सम्बन्ध विच्छेदमा सासू-ससुराको प्रभावलाई स्पष्टरूपमा सम्बोधन गर्दैन । यो धेरै सम्बन्ध विच्छेदको एक प्रमुख कारक हो । परिवारको दबाबसँग सामना गर्दा उत्पन्न हुने भावनात्मक र मानसिक बोझ सम्बन्ध विच्छेदको बढ्दो कारण हो । (लेखक यादव काठमाडौं स्कुल अफ लमा बी.ए.एल.एल.बी, तेस्रो वर्षमा अध्ययनरत हुनुहुन्छ ।) न्युज अफ नेपालबाट






# पेनलेस डेलिभरी : आमालाई पीडामा नपारी बच्चा कसरी जन्माउने ?

नौ महिना गर्भधारणपछि सन्तानलाई जन्म दिने प्रक्रिया नै प्रसूति हो । पहिलोपटक सन्तानलाई जन्म दिँदा सामान्यतः १६ देखि १८ घण्टासम्मको प्रसव व्यथा रहन्छ, जुन वास्तवमै पीडादायक हुन्छ, तर मातृत्वको वास्तविक क्षण नै यही भएकाले यसलाई आनन्दको क्षणमा बदल्न नर्भिक इन्टरनेसनल अस्पतालले पेनलेस डेलिभरी अर्थात् पीडारहित प्रसूतिको अवधारणा ल्याएको छ । यसमा सामान्य सुत्केरीका बेलाजस्तो पीडा हुँदैन, जसले गर्दा आमाले हरेक पल आनन्द महसुस गर्न सक्छन् ।

**पाठेघरको मुख बिस्तारै खुल्दै जाने र बच्चाको टाउको बिस्तारै तलतिर झर्दै आउनुपर्ने हुन्छ । पाठेघरको मुख चार सेन्टिमिटर खुलेपछि सक्रिय प्रसव सुरु हुन्छ । यही अवधिलाई पीडारहित बनाउने काम गरिन्छ ।**



प्रा.डा. अचला वैद्य



**सामान्य र पीडारहित प्रसूति**

सामान्य प्रसूतिमा गर्भधारणको नौ महिना लागिसकेपछि गर्भवती महिलालाई सुत्केरी हुने सम्भावित डेट दिइएको हुन्छ । उक्त मितिभन्दा एक हप्ताअघि या पछि प्रसव प्रक्रिया सुरु हुन्छ ।

सुरुलाई 'लेटेन्ट फेज अफ लेबर' भनिन्छ, जुन एक–दुई दिन रहन्छ । यस्तो बेला पीडा बिस्तारै हुन्छ तर बढी पीडा हुन थाल्यो, योनिबाट पानी बग्न थाल्यो भने वास्तविक प्रसवपीडा सुरु भएको मानिन्छ । यस्तो बेला पाठेघरको मुख बिस्तारै खुल्दै जाने र बच्चाको टाउको बिस्तारै तलतिर झर्दै आउनुपर्ने हुन्छ । पाठेघरको मुख चार सेन्टिमिटर खुलेपछि सक्रिय प्रसव सुरु हुन्छ । यही अवधिलाई पीडारहित बनाउने काम गरिन्छ ।

यस्तो बेला प्रसव प्रक्रिया त जारी रहन्छ तर पीडादायी क्षणलाई आमाले बिर्सन्छिन् । त्यो पलमा आमाले संसारमा अवतरण गर्न लागेको सन्तानको प्रतीक्षा गर्दै आनन्द अनुभूति गर्न सक्छिन् । प्रसूतिको यो प्रक्रियामा आमाले आनन्दको अनुभूति गर्न सकून् भनेर पीडारहित डेलिभरी सुरु गरिएको हो ।

**कसरी गराइन्छ पीडारहित प्रसूति ?**

पाठेघरको मुख चार घर अर्थात् चार सेन्टिमिटर खुलिसकेपछि ढाडमा एउटा इन्जेक्सन दिइन्छ, जसबाट क्याथेटर हालिन्छ । त्यो क्याथेटरबाट एनेस्थेसियोलोजिस्टले दुखाइ कम गर्ने औषधि राख्छन् । यो विधिलाई 'एपिड्युरल एनेस्थेसिया' भनिन्छ । क्याथेटर लिएरै बाथरुम जान, यताउति हिँड्न सकिन्छ । दुखाइ कम गर्ने औषधि दिँदा निश्चित समयसम्म पीडा महसुस हुँदैन । पुनः पीडा हुन थालेपछि औषधि पुनः थपिन्छ ।

यसरी दुखाइ कम गर्ने औषधि राख्दा सुत्केरीलाई नाइटोभन्दा मुनि पीडा महसुस हुँदैन । खुट्टाहरूमा अलिकता चेतना गुमेजस्तो या लाटोपन भएजस्तो अनुभूति हुन्छ । प्रसवपीडा भए पनि आमालाई प्रसवपीडामा भएजस्तो लाग्दैन । त्यो बेला उनीहरू परिवार, आफन्तजनसँग कुरा गर्दै आनन्द महसुस गर्दै बस्न सक्छन् ।

**आमा र बच्चालाई हानि गर्छ कि गर्दैन ?**

पेनलेस डेलिभरीमा आमा र बच्चालाई कुनै हानि हुँदैन । नदुख्ने औषधि राखेपछि 'एनेस्थेसियोलोजिस्ट'हरूले लगातार निगरानी गरिरहेका हुन्छन् । खुट्टामा चेतना कत्तिको छ ? खुट्टा चलेको छ कि छैन ? रक्तचाप र मुटुको चाल कति छ ? बिरामी हिँडेको वा पिसाब फेरेको छ कि छैन ? आदि कुरामा निगरानी गरी उनीहरूले औषधिको डोज घटाउने, बढाउनेजस्ता कुरा तय गर्छन् । यो बेला स्त्रीरोग विशेषज्ञहरूले पनि समानान्तर रूपमा निगरानी गरिरहेका हुन्छन् ।

पाठेघरको मुख १० सेन्टिमिटर खुलेपछि बच्चाको टाउको देखिन थालेको हुन्छ । त्यसो हुनेबित्तिकै क्याथेटरबाट दिइने औषधि बन्द गर्नुपर्ने हुन्छ । अनि बल्ल बिरामीलाई पीडा महसुस हुन्छ ।

त्यसपछि बच्चा निकाल्ने प्रक्रिया सुरु हुन्छ । बिरामीका पति अथवा परिवारलाई प्रसूति कक्षमै राखिन्छ । अनि, बिरामीलाई प्रोत्साहन गर्दै बल गर्न लगाइन्छ । यो प्रक्रिया दुई घण्टा जति चल्न सक्छ । दुई घण्टा जतिमा पनि बच्चा निस्केन, बच्चामा केही असहज अवस्था आयो भने अन्य साधन लगाएर बच्चा निकालिन्छ ।

बच्चा जन्मेपछि साल निकाल्न पनि बिरामीको सहयोग चाहिन्छ । साल निस्केपछि सबै ठिक छ भने एक घन्टा प्रसूति कक्षमै राखिन्छ । त्यो एक घण्टामा रगत नआओस्, पिसाब गर्न गाह्रो नहोस् भनेर हेरविचार गरिन्छ । यसरी दोस्रो चरणको प्रसव व्यथा सुरु भएपछि प्रसूति कक्षमा २ देखि ३ घण्टासम्म राख्ने गरिन्छ । त्यसपछि शिशुसहित वार्डमा पठाइन्छ । ( वरिष्ठ स्त्रीरोग विशेषज्ञ प्रा.डा. वैद्य नर्भिक इन्टरनेसनल अस्पतालमा कार्यरत छन् ।) रातोपाटीबाट

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सरकारको सक्रियता

**काठमाडौं**/नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा सक्रियता देखाएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पछिल्लो समय मानव बेचबिखन तथा ओसारपसरा पीडित/प्रभावित भएका ७७ जना महिलाको स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गरेको जनाएको छ । यसैगरी मानव बेचबिखन (नियन्त्रण) ऐन, २०६४ संशोधन विधेयकको मस्यौदा मन्त्रिपरिषद्मा पेस गरेको सचिव दिनेश भट्टराईले जानकारी दिनुभयो । मन्त्रालयले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति, २०८१ को मस्यौदासमेत तयार गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापना, पारिवारिक पुनर्मिलन तथा केन्द्र व्यवस्थापनका लागि सिन्धुपाल्चोक, काठमाडौं र सुर्खेतमा सञ्चालनमा रहेका तीनवटा पुनर्स्थापन केन्द्रलाई सञ्चालन तथा व्यवस्थापन खर्च शोधभर्ना भुक्तानीसमेत गरेको जनाइएको छ । आर्थिक वर्ष २०७१/०७२ देखि सञ्चालनमा रहेका यी केन्द्रबाट एक सय ४८ जनाले सेवा प्राप्त गरेको र चालु आवमा १८ जना महिला तथा किशोरीलाई सुरक्षित रूपमा पुनर्स्थापना केन्द्रबाट सेवा प्रवाह गरेको सचिव भट्टराईले जनाकारी दिनुभयो ।

नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधको रूपमा स्वीकार गरेको छ । यससम्बन्धी नेपालको विद्यमान 'कानुन मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४' ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ । मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ सँगै वैदेशिक रोजगार ऐन २०६४, अध्यागमन ऐन २०४९, बाल श्रम (निषेध र नियन्त्रण) ऐन २०५६, श्रम ऐन २०७४, कानुनी सहायता ऐन २०५४ र पारस्परिक कानुनी सहायता ऐन २०१४ को प्रभावकारी कार्यान्वयनमा जोड दिँदै आएको सचिव भट्टराईको भनाइ छ ।

यसैगरी मानव बेचबिखनसँग जोडिएका राहदानी ऐन २०७४, संगठित अपराध निवारण ऐन २०७०, मुलुकी अपराध संहिता, २०७४, संगठित अपराध निवारण ऐन २०७०, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० लगाएतका कानुनको समेत प्रभावकारी कार्यान्वयन गर्न जोड दिइएको छ ।

नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई एक गम्भीर अपराधको रूपमा पहिचान गर्दै त्यस विरुद्धका प्रावधानलाई मौलिक हक तथा राज्यका नीति अन्तर्गत राखिएको छ । माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले मानव बेचबिखन रोक्नका लागि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ लाई संशोधन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

# वन मुद्दाका फरार पाँच प्रतिवादी पक्राउ

**राजविराज**/अदालतबाट दोषि ठहर भई जरिवाना तोकिएर वन मुद्दाका फरार पाँच प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा प्रहरीले जिल्लाको कंचनरुप नगरपालिका निवासी वन मुद्दाका फरार ती पाँच जनालाई घर वरिपरिबाटै पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा वडा नं. ९ निवासी राजेन्द्र यादव, वडा नं. ७ का फागु सदा, दिपेश सरदार, दिपेन सरदार र दिल कुमार सरदार रहेका छन् । ती पाँचै जनालाई अदालतले जम्मा रु. ३४ हजार २ सय १२ जरिवाना तोकेको छ ।

पक्राउ परेका सबैजनालाई प्रहरीले सप्तरी जिल्ला अदालत राजविराजमा बुझाई दाखिला गरएको जनाएको छ ।


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।


*यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

अनुरोधकर्ता : राजगढ गाउँपालिका, सप्तरी

# चित्रगुप्तको कलम एक लाख ५ रुँपैयामा बिक्री



**राजविराज**/चित्रगुप्त सेवा समिति राजविराजले यस वर्ष भगवान चित्रगुप्त हातको पुजित कलम एक लाख ५ रुँपैयामा बिक्री गरेको छ।

कायस्थ जातिको आराध्य भगवान चित्रगुप्तको उक्त कलम हरेक वर्ष भाइ टिकाको दिन हुने वार्षिक पुजामा डाक बढाबढ प्रक्रियाबाट बिक्री गर्दै आएको हो।

यस वर्ष चित्रगुप्त पुजाका लागि ल्याईएको कलम समितिले ११ हजार ५ सय ५५ न्युनतम मुल्य राखी बिक्री शुरु गर्दा डाक बढाबढ हुँदै एक लाख ५ रुँपैयामा राजविराज २ निवासी अध्यापन पेशामा रहेका आशिष कुमार कर्णले डाक साकार गरि कलम लिएका हुन्।

चित्रगुप्तको हातमा राखेर पुजा गरिएको कलमको बिक्रीबाट आउने रकम समितिले कोषमा जम्मा गरी सामाजिक कार्यमा खर्च गर्दै आएको समितिका महासचिव रन्धिर कुमार कर्णले जानकारी दिए।

विगत ३६ वर्षदेखी प्रत्येक बर्ष नयाँ कलम ल्याई भगवान चित्रगुप्तको हातमा राखेर पुजा गरिने र पुजित कलम लिन धेरै जनाले इच्छा राख्न थालेपछि समितिले डाक बढाबढ प्रक्रियाबाट कलम बिक्री गर्दै आएको छ।

सोही अवसरमा समितिले मावि स्तरका ८ जना र उच्च स्तरका ४ जना जेहेन्दार विद्यार्थीलाई क्रमशः रु. ३ र रु. ५ हजार जनही छात्रबृत्ति प्रदान गरेको छ। छात्रबृत्ति पाउने मावि स्तरका विद्यार्थीहरुमा जागृती कर्ण, श्रृष्टि कर्ण, शुभम कुमार कर्ण, अमृत दत्त, कुणाल लाभ, अमन मल्लिक, दिपिका कर्ण र सत्यम कर्ण रहेका छन् भने उच्च स्तरमा हिमानी कर्ण, कृतिका कर्ण, आरती श्रीवास्तव र विवेकचन्द्र दास रहेको चित्रगुप्त सेवा समितिले जनाएको छ।

वार्षिक पूजाको अवसरमा कायस्थ बालबालिकाहरुबीच हाजिरी जवाफ प्रतियोगिता समेत आयोजित गरिएको थियो।

### *प्रदेश सरकार ...*

उनले विश्वविद्यालयका लागि १० लाख मात्र न्युन बजेट छुट्याइएको विषयमा कर्मचारीले गरेको त्रुटीका कारण यस्तो हुन गएको स्पष्ट पनि पारे।

विगतका सरकारको पालामा प्रक्रिया नपुर्‍याई गरिएको नियुक्तिका कारण पनि काम गर्न अफठ्यारो भइरहेको भन्दै मुख्यमन्त्री सिंहले विगतका कमिकमजोरी सुधारका लागि आफू छानबिनमा समेत लागेको जानकारी दिए।

प्रदेशमा रोजगारी सृजनाका लागि आफूहरुको ध्यान केन्द्रित रहेको बताउँदै उनले महिलालाई समेटेर कृषि क्षेत्रको आधुनिकीकरण र रोजगारी उपलब्ध गराउने योजना रहेको जानकारी समेत दिए। मधेश प्रदेशमा रहेको साक्षरताको न्यून अवस्थालाई उकास्न शिक्षा नीति तयारी गर्ने र सोही अनुसार अघि बढ्ने योजना समेत मुख्यमन्त्री सिंहले सुनाएका छन्।

पत्रकार महासंघ सप्तरीका सभापति श्रवण कुमार देवको अध्यक्षतामा उक्त पत्रकार सम्मेलनको आयोजना गरिएको थियो।


# चुरे संरक्षण गरौं

चुरे पहाडको सबैभन्दा उत्तरमा रहेको महाभारत पर्वत सीमादेखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको चुरे, भावर र तराई भूमिलाई चुरे क्षेत्र भनिन्छ। हिमालय पर्वत श्रृङ्खलाबाट बगेर आएका सामग्रीले बनेको सब भन्दा कान्छो, कमलो र कमजोर पर्वत श्रृङ्खला रहेको क्षेत्र हो। तराई-मधेश र भित्री तराईका जिल्लाहरुको वातावरणीय सन्तुलन कायम गर्न ठूलो योगदा दिएको छ।

चुरे विनासको प्रमुख कारण अव्यवस्थित बसोवास, वन अतिक्रमण, वन डढेलो, खुला चरिचरण र नदी जन्य पदार्थको दोहन, अनियन्त्रित भौतिक पूर्वाधार निर्माण भू-क्षय हो। चुरे नासिनु भनेको तराई मधेशको मानव जीवन सङ्कटमा पर्नु हो। चुरे क्षेत्रमा पोखरी निर्माण गरी जल सञ्चय, वृक्षारोपण र पानीका स्रोतहरु पुनसिर्जना तथा नदी प्रणाली संरक्षण गर्नु आवश्यक छ। चुरेलाई मरु भूमिकरण हुनबाट जोगाउन आजैदेखि जुटौं।

डिभिजन वन कार्यालय

राजविराज, सप्तरी



लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं।

अनुरोधकर्ता

शम्भुनाथ नगरपालिका

नगर कार्यापालिकाको कार्यालय

सप्तरी, मधेश प्रदेश


## अन्तर्राष्ट्रिय समाचार

### इजरायली हवाई आक्रमणमा तीन जनाको मृत्यु, ३० घाइते

**बेरुत**/इजरायली हवाई आक्रमणमा शुक्रबार राति दक्षिणपश्चिमी लेबनानी सहर टायरमा तीन जनाको मृत्यु हुनुका साथै अन्य ३० जना घाइते भएको लेबनानी सेना स्रोत र स्वास्थ्य मन्त्रालयले जनाएको छ।

आक्रमणमा दुई इजरायली लडाकु विमानहरूले मध्य टायरका दुई भवनहरूमा आक्रमण गरेका थिए। यसले ठूलो आगो निम्त्यायो र नजिकैको अपार्टमेन्टहरूलाई ठूलो क्षति पुर्‍यायो।

राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले एम्बुलेन्सहरूले घाइतेहरूलाई स्थानीय अस्पतालहरूमा पुर्‍याएको जनाएको छ। मृत्यु हुनेको सङ्ख्या बढ्ने अनुमान गर्दै अस्पतालहरूले रक्तदानको लागि तत्काल आह्वान गरे।

सिभिल डिफेन्स अफ द इस्लामिक मेसेज स्काउट्सले भग्नावशेषबाट बाँचेका तीन जनाको उद्धार गरेको र अरूलाई खोज्ने प्रयास जारी रहेको बताएको छ।

सेप्टेम्बर २३ देखि, इजरायली सेनाले लेबनानमा हवाई आक्रमणहरू सुरु गरेको छ। लेबनानमा इजरायली हवाई आक्रमणले सन् २०२३ अक्टोबर ८ देखि तीन हजार ११७ व्यक्तिको मृत्यु र १३ हजार ११८ जना घाइते भएका छन्। एजेन्सी

### गाजा युद्धमा मृत्यु हुनेमध्ये ७० प्रतिशत महिला तथा बालबालिका

**जेनेभा**/संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयले इजरायल र गाजामा सन् २०२३ अक्टोबर ७ बाट बाहिर आएको डरलाग्दो वास्तविकताको विवरण दिने एक प्रतिवेदन प्रकाशित गरेको छ।

प्रतिवेदनका अनुसार हालसम्म मृत्युमध्ये झण्डै ७० प्रतिशत बालबालिका र महिलाहरू रहेका छन्। यसमध्ये करिब ८० प्रतिशतको मृत्यु आवासीय भवनमा भएको थियो, जसमा ४४ प्रतिशत बालबालिका र २६ प्रतिशत महिला थिए।

संयुक्त राष्ट्र मानव अधिकारका लागि उच्चायुक्त भोल्कर टर्कले भन्नुभयो,"मेरो कार्यालयले आज मानिसहरूका लागि प्रकट भएको डरलाग्दो विवरणको प्रतिवेदन प्रकाशित गरिरहेको छ। अक्टोबर ७, सन २०२३ देखि जघन्य अपराधहरू हुने खतराबारे मैले बारम्बार चेतावनी दिएको छु। अन्तर्राष्ट्रिय कानूनले यी गम्भीर उल्लङ्घनको लागि न्याय दिनै पर्छ।"

हमासले गत वर्ष अक्टोबर ७ मा इजरायलमा ठूलो आतङ्कवादी आक्रमण गरेको थियो। उक्त आक्रमणमा एक हजार २०० भन्दा बढी व्यक्तिको मृत्यु भएका र २५० भन्दा बढी व्यक्तिलाई बन्धक बनाएका थिए। तिनीहरूमध्ये लगभग १०० जना भन्दा बढी अझै पनि बन्दक छन्।

जवाफमा, इजरायलले गाजामा हमास एकाइहरूलाई निशाना बनाउँदै कडा जवाफी आक्रमण सुरु गर्‍यो। यद्यपि, इजरायली कारबाहीहरूले गाजामा ४५ हजार भन्दा बढी प्यालेस्टाइनीहरूको मृत्यु भएको जनाइएको छ। एजेन्सी

### पाकिस्तानमा रेलवे स्टेशनमा विस्फोट हुदाँ २५ जनाको मृत्यु

**क्वेटा, पाकिस्तान**/दक्षिणपश्चिम बलुचिस्तान प्रान्तको एक रेलवे स्टेशनमा पाकिस्तानी पृथकतावादीहरूले दाबी गरेको बम आक्रमणमा १४ सैनिकसहित २५ जनाको मृत्यु भएको प्रहरीले शनिबार जनाएको छ।

प्रान्तीय राजधानी क्वेटाको मुख्य रेलवे स्टेशनमा यात्रुहरू प्लेटफर्ममा पर्खिरहेका बेला विस्फोट भएको हो। "मृत्यु भएको पुष्टि भएका २५ मध्ये १४ जना सेनाका कर्मचारी छन्," एक वरिष्ठ स्थानीय प्रहरी अधिकारी मुहम्मद बलोचले बताउनुभयो।

स्थानीय अस्पतालका प्रवक्ताले विस्फोटमा परी घाइते भएका दर्जनौं व्यक्तिलाई अस्पतालमा ल्याइएको र धेरैको मृत्यु भएको बताउनुभयो। बलुचिस्तानमा बारम्बार आक्रमणहरू भए तापनि अफगानिस्तान र इरानको सिमाना जोडिएको दक्षिणपश्चिमी प्रान्तमा शनिबारको विस्फोटबाट मृत्यु हुनेको सङ्ख्या विशेष गरी उच्च रहेको छ।

रेल स्टेशनमा विष्फोट बिहान ८:४५ बजे भएको थियो। यस क्षेत्रको मुख्य अलगाववादी समूहहरू मध्ये एक बलुच लिबरेशन आर्मी (बीएलए) ले आक्रमणको दावी गरेको छ।

पाकिस्तानी सेनाको एक इकाईलाई लक्षित गरी आक्रमण गरिएको बीएलएले एक विज्ञप्तिमा उल्लेख गरेको छ। पाकिस्तानको आधिकारिक समाचार एजेन्सी एसोसिएटेड प्रेसले रेलवे अधिकारीहरूलाई उद्धृत गर्दै दुईवटा रेल छुट्ने क्रममा टिकट बुथ नजिकै विस्फोट भएको बताएको छ। एजेन्सी

### चीनद्वारा 'रिमोट सेन्सिङ' उपग्रहहरूको प्रक्षेपण

**जिउक्वान**/चीनले शनिबार उत्तरपश्चिम चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट अन्तरिक्षमा 'रिमोट सेन्सिङ' उपग्रहहरूको सफलतापूर्वक प्रक्षेपण गरेको छ।

पाइसेट-२ का चारवटा उपग्रहहरू लङ मार्च-२ सी क्यारियर रकेटद्वारा बिहान ११:३९ बजे प्रक्षेपण गरी आफ्नो योजनाबद्ध कक्षमा सफलतापूर्वक प्रवेश गरेका थिए।

तिनीहरूले मुख्य रूपमा व्यावसायिक रिमोट-सेन्सिङ डेटा सेवाहरू प्रदान गर्नेछन्। यो प्रक्षेपण लङ मार्च क्यारियर रकेट श्रृङ्खलाको ५४४ औं उडान अभियान थियो।

मार्च सन् २०२३ मा, चीनले पाइसेट-१ सहित चारवटा भूउपग्रहहरूको पहिलो प्रक्षेपण गरेको थियो। एजेन्सी

# बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ



**राजविराज**/प्रहरीले बैकिङ कसुर मुद्दाका फरार प्रतिवादी सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ६ का ३६ वर्षिय चन्दन कुमार सिंहलाई पक्राउ गरेको छ ।

जग्गा किन्ने नाउँमा सोही ठाउँ निवासी भगवानलाल यादवसँग ४८ लाख ७५ हजार रुपैया सापटी लिएका सिंहले फिर्ता गर्न आलटाल गर्दै आएको र धेरै समय पछी त्यती रकम बराबरको दिएको चेक पनि बाउन्स भएपछी यादव प्रहरीमा पुगेका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटेको प्रहरी टोलीले बुधवार उनलाई गाउँ मै लुकी बसेको अवस्थामा पक्राउ गरेको हो ।

प्रहरीले बैकिङ कसुरमा परेको जाहेरी दर्ता गरी कानुनी प्रक्रिया अघि बढाएपछी अदालतबाट सिंह विरुद्ध पक्राउ पुर्जी जारी गरेपछी पक्राउ गरिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

# २०४८ सालका एसएलसी उत्तिर्ण विद्यार्थीहरुद्वारा शिक्षक शिक्षिका सम्मानित



**राजविराज**/पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालय राजविराजबाट २०४८ मा एसएलसी उत्तिर्ण भएका विद्यार्थीहरुले विद्यालयका तत्कालिन शिक्षक शिक्षिकाहरुलाई सम्मान गरेको छ ।

विद्यालयको भौतिक विकासदेखि शैक्षिक उन्नतीमा टेवा पुर्‍याउने उद्देश्य राखेर २०४८ का ब्याजीहरुले आयोजना गरेको मित्रमिलन समारोहमा शिक्षक शिक्षिकाहरुलाई सम्मान गरेको हो ।

समारोहमा विद्यालयका तत्कालिन शिक्षकहरु रामकृष्ण झा, नथुनी दास, रामवल्लभलाल कर्ण, उमेश सिंह, मिना ठाकुर, मन्जु श्रेष्ठ, अरुण झा र हरिनारायण देवलाई सम्मान गरिएको सहभागी दिपक कुमार गुप्ताले जानकारी दिए ।

यसैगरि विद्यालयका सहायक प्रधानाध्यापक किशोर कुमार चौधरी र कार्यालय सहयोगी बेचनलाई समेत सम्मान गरिएका उनले बताए ।

समारोहमा उहिलेको शिक्षा र अहिलेको शिक्षाबारे चर्चा गर्दै तत्कालिन विद्यार्थीहरुले विद्यालयको भौतिक निर्माणमा सहयोग गर्ने जनाउँदै विद्यालयको स्तरोन्तीका साथै शैक्षिक क्षेत्रमा सुधारका लागि सहयोग गर्ने प्रतिवद्धता समेत जनाए ।

# समाजमा सुशासन र शान्ति व्यवस्था कायम गर्न प्रजिअ दाहाल प्रतिबद्ध



**राजविराज**/सप्तरीका नयाँ प्रमुख जिल्ला अधिकारी भोला दाहालले सुशासन र समाजमा शान्ति व्यवस्था कायम गर्न आफू प्रतिबद्ध रहेको जनाएका छन् ।

सप्तरीमा मंगलबार पत्रकारहरुसँगको परिचयात्मक तथा भेटघाट कार्यक्रमको आयोजना गरि उनले यस्तो बताउँदै यसका लागि सञ्चारकर्मी समेतको सकारात्मक सहयोगको अपेक्षा समेत राखेका छन् ।

आफ्नो कार्यकक्षमा पत्रकारहरुसँगको परिचयात्मक तथा भेटघाट कार्यक्रममा उनले पीडितलाई न्याय र समाजमा शान्ति सुव्यवस्था कायम गर्न प्रशासन र सञ्चारकर्मी दुवैको एउटै उद्देश्य भएकाले समान उद्देश्य बोकेका संस्था आपसी सद्भाव, समन्वय र मिलेर काम गर्दा झन प्रभावकारी हुने बताए ।

प्रजिअ दाहालले आफ्नो कार्य कुशलता र सबैको साथ सहयोग लिएर शुसाशन र समाजमा शान्ति सुवयवस्था कायम गर्न सफल हुने विश्वास समेत व्यक्त गरे ।

सो अवसरमा सञ्चारकर्मीहरुले जिल्लामा देखिएका विभिन्न समस्या र शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासनले चाल्नु पर्ने कदमबारे आ-आफ्ना सुझाव दिएका थिए ।

# नदीमा डुबेर तीन बालिकाको मृत्यु

**राजविराज**/सप्तरीको कंचनरुप नगरपालिका ४ स्थित त्रियुगा नदीमा डुबेर गत सोमबार तीन बालिकाको मृत्यु भएको छ ।

सोमबार दिउसो त्रियुगा नदीमा नुहाउन गएकी सोही वडाका श्रवण महतोकी ९ वर्षिया छोरी प्रतिमा र सुरेश सदाकी ८ वर्षिया छोरी जीतनीको डुबेर मृत्यु भएको थियो ।

दुबै जनाको शव सोमवार नै फेला परेपनि संगै गएकी श्याम कुमार खंगकी ८ वर्षिया छोरी काजल भने मंगलवार विहान मृत अवस्थामा भेटिएकी हुन ।

घट्नास्थलबाट करिब एक किलोमिटर टढा ढुङ्गामा अडकिएको अवस्था काजलको शव फेला परेको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उरिक्षक महेन्द्र नेपालले जानकारी दिए ।

सेना, सशस्त्र र नेपाल प्रहरीको संयुक्त गोताखोर टोलीले सोमवार दिउसो पनी वेपत्ता काजलको खोजी गरेको थियो । तर साझ पर्न थाले पछि रोकिएको खोजी कार्या मंगलवार विहान देखी पुनः सूरु गरिएको थियो । सोही क्रममा काजलको पनि शव फेला परेको प्रहरीले जनाएको छ ।


## खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**
सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११




अनुरोधकर्ता : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी

## बचत गरौं, उद्यमशील बनौं

बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं

- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- ब्यापार व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागी शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।

त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*